# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ३ मिथिला, चैत्र २७ गते, २०८२ साल संख्या १


## भाग-२

# मिथिला नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था स्थापना, सञ्चालन र अनुगमन(मापदण्ड) सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावना :** मिथिला नगरपालिकाको स्वास्थ्य ऐन, २०७८ को दफा ६१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मिथिला नगरपालिकाको मिति २०८२/१२/२६ गतेमा नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम मिथिला नगरपालिकाको" **मिथिला नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था स्थापना, सञ्चालन इजाजत र अनुगमन(मापदण्ड)सम्बन्धी निर्देशिका, २०८२**" हुनेछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-



मिथिला नगरपालिका

(क) "अकुपञ्चर तथा अकुप्रेसर केन्द्र" भन्नाले दफा ४३ बमोजिमको अकुपञ्चर तथा अकुप्रेसर केन्द्र सम्झनु पर्दछ।

(ख) "अनुगमन समिति" भन्नाले मिथिला नगरपालिकाको स्वास्थ्य ऐन २०७८ को दफा १७ बमोजिमको समितिलाई सम्झनु पर्छ।र सो शव्दले दफा १३ बमोजिमको प्राविधिक उपसमितिलाई समेत जनाउनेछ।

(ग) "अस्पताल" भन्नाले विरामी भर्ना गरी चिकित्सक द्वारा स्वास्थ्य सेवा प्रदान गर्ने सुविधायुक्त दफा ३५ को मापदण्ड बमोजिमको आधारभूत अस्पताललाई सम्झनु पर्दछ।

(घ) "आयुर्वेद क्लिनिक"भन्नाले दफा ३७ को मापदण्ड बमोजिमको आयुर्वेद क्लिनिकलाई सम्झनु पर्दछ ।

(ङ) “औषधि पसल” भन्नाले औषधि ऐन २०३५ को दफा १० र औषधि दर्ता नियमावलीको नियम ६ बमोजिम दर्ता भएको दफा ४९ को मापदण्ड बमोजिमका औषधि पसललाई सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले मिथिला नगरपालिकाको "स्वास्थ्य ऐन,२०७८ लाई सम्झनु पर्दछ।

(छ) "कार्यपालिका"भन्नाले मिथिला नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ज) "चिकित्सक"भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न चिकित्सकको रुपमा सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(झ) "जेरियाट्रिक परामर्श केन्द्र" भन्नाले दफा ४७ बमोजिमको जेरियाट्रिक परामर्श केन्द्रलाई सम्झनु पर्दछ।

(ञ) "नगरपालिका" भन्नाले मिथिला नगरपालिकालाई सम्झनु पर्छ।



मिथिला नगरपालिका

(ट) "निर्देशिका"भन्नाले मिथिला नगरपालिकाको" **मिथिला नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था स्थापना, सञ्चालन इजाजत र अनुगमन(मापदण्ड)सम्बन्धी निर्देशिका, २०८२**" लाई सम्झनु पर्छ।

(ठ) "जनस्वास्थ्य अधिकृत" भन्नाले अनुगमनका लागि नगरपालिकाबाट तोकिएको प्रचलित मापदण्ड बमोजिम योग्यता पुगेको व्यक्तिलाई सम्झनु पर्छ।

(ड) "परम्परागत सेवा क्लिनिक" भन्नाले दफा ४६ बमोजिमको परम्परागत सेवा क्लिनिकलाई सम्झनु पर्दछ।

(ढ) "प्रयोगशाला" भन्नाले दफा ४८ बमोजिमका 'घ' तथा 'ङ' वर्गका प्रयोगशालालाई सम्झनु पर्दछ।

(ण) "प्राकृतिक उपचार केन्द्र" भन्नाले दफा ४२ को मापदण्ड बमोजिमको प्राकृतिक उपचार केन्द्रलाई सम्झनु पर्दछ।

(त) "पुनर्स्थापना केन्द्र (मनोसामाजिक)" भन्नाले दफा ४१ को मापदण्ड बमोजिमको पुनर्स्थापना केन्द्रलाई सम्झनु पर्दछ।

(थ) "फिजियोथेरापी केन्द्र" भन्नाले दफा ४० को मापदण्ड बमोजिमको परम्परागत सेवा क्लिनिकलाई सम्झनु पर्दछ।

(द) "भवन संहिता" भन्नाले नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ।

(ध) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(न) "युनानी उपचार केन्द्र" भन्नाले दफा ४४ बमोजिमको युनानी उपचार केन्द्रलाई सम्झनु पर्दछ।

(प) "स्वास्थ्य क्लिनिक" भन्नाले दफा ३६ को मापदण्ड बमोजिमको स्वास्थ्य क्लिनिक सम्झनु पर्दछ।

मिथिला नगरपालिका

(फ) "स्वास्थ्य संस्था"भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका नगरपालिका क्षेत्रभित्रका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामूलक स्वास्थ्य संस्थालाई जनाउँछ।

(ब) "शाखा" भन्नाले मिथिला नगरपालिकाको स्वास्थ्य सम्बन्धी शाखालाई सम्झनु पर्छ।

(भ) "होमियोप्याथी क्लिनिक" भन्नाले दफा ३८ को मापदण्ड बमोजिमको होमियोप्याथी क्लिनिकलाई सम्झनु पर्दछ।

(म) "योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र" भन्नाले दफा ४५ बमोजिमको योग ध्यान तथा शारीरिक व्यायाम केन्द्रलाई सम्झनु पर्दछ।

## परिच्छेद - २

## स्वास्थ्य संस्था संचालन, इजाजत, अनुगमन र गुणस्तर

३. **स्वास्थ्य संस्थाको पूर्वाधार निर्माणका लागि आसयपत्र लिनुपर्ने:** (१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि प्रचलित मापदण्ड बमोजिम अनुसूची-१ को ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले निवेदन प्राप्तभएको पन्ध्र दिनभित्र देहायका विवरणहरू परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउनु पर्नेछ–

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,



मिथिला नगरपालिका

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रचलित कानून बमोजिम प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भए सोको प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्र को जनसंख्या / जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरूको अवस्थिति र प्रस्तावित अस्पतालले पुऱ्याउने थप योगदान,

(च) नक्सा पास भए नभएको र भएको भए सो नक्सा सहितको विवरण,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयहरूको विश्लेषण गरी स्पष्ट रायसहितको प्रतिवेदन ३ (तीन) महिना भित्र शाखा समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र बढीमा ३(तीन) वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न नगरपालिकालाई सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्ननसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा नगरपालिकाले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो निर्देशिका जारी हुँदाको वखत पूर्वाधार मापदण्ड पूरा गरी इजाजत पत्र लिईसकेका स्वास्थ्य संस्थाले नयाँ स्थानमा स्वास्थ्य संस्था संचालन गर्न,थप सेवा विस्तार गर्न वा नयाँ पूर्वाधार निर्माण गर्नुपर्ने अवस्थामा वाहेक पूर्वाधार निर्माण अनुमति लिनुपर्ने छैन ।

४. **ईजाजत पत्र लिनुपर्नेः** (१)कसैले पनि ईजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउनु हुँदैन।

(२) यो निर्देशिका प्रारम्भ हुँदाको वखत इजाजतपत्र नलिई वा नवीकरण नगराई संचालन भै रहेका स्वास्थ्य संस्थाले यो निर्देशिका प्रारम्भ भएको मितिले ३ (तीन) महिना भित्र यस निर्देशिकाले तोकेको सर्त र प्रचलित मापदण्ड पूरा गरी नगरपालिकाबाट ईजाजतपत्र लिनुपर्नेछ।

(३) ऐनको दफा १४ र उपदफा (१) र (२) बमोजिम इजाजतपत्र लिन चाहने स्वास्थ्य संस्थाले अनुसूची २ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन प्राप्त हुन आएमा नगरपालिकाले आवश्यक जाँचबुझका लागि सात दिनभित्र अनुगमन समिति खटाउनुपर्नेछ।

(५) अनुगमन समितिले स्थलगत निरीक्षण गरी १(एक) महिना भित्र रायसहितको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

(६) उपदफा (३) वमोजिम इजाजतपत्रको निवेदन दिने स्वास्थ्य संस्थाले ऐन तथा यस निर्देशिका र प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड पूरा भएको रहेछ भने अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले पाँच वर्षको लागि स्वास्थ्य सेवा संचालन

गर्न अनुसूची ३ मा उल्लेख भए बमोजिमको ढाँचामा ईजाजतपत्र दिनेछ ।

(७) उपदफा (६) बमोजिम इजाजतपत्र दिंदा नगरपालिकाले स्वास्थ्य संस्था तथा सेवा संचालनका सन्दर्भमा आवश्यक सर्त तोक्न सक्नेछ र त्यस्तो सर्तको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

५. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने**: स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमका प्रकृया पूरा गरी अनुमति प्राप्त गर्नुपर्नेछ ।

६. **दस्तुर बुझाउनुपर्ने:** स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमतिप्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची ४ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

७. **नवीकरण गर्नुपर्ने:**(१) दफा ४ बमोजिम जारी भएको इजाजतपत्र प्रत्येक पाँच वर्षमा नगरपालिकाबाट नवीकरण गराउनुपर्नेछ ।

(२) उप दफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गर्न स्वास्थ्य संस्थाले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा ३ (तीन) महिना अघि अनुसूची ५ बमोजिमको ढाँचामा सोहि अनुसूचीमा उल्लेख भए बमोजिमका विवरण तथा कागजात संलग्न गरी नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(३)उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन दिएकोमा आवश्यक जाँचबुझ गरी वा अनुगमन समितिमार्फत अनुगमन गराई प्रचलित मापदण्ड पूरा गरी स्वास्थ्य संस्था सञ्चालन गरेको

एकिन गरी अनुगमन समितिको सिफारिसमा नगरपालिकाले इजाजतपत्र समाप्त हुनुभन्दा अघि इजाजतपत्र नवीकरण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समयमा निवेदन नदिई सो को मनासिव कारण सहित एक वर्ष भित्रमा निवेदन दिएमा उपदफा (३) बमोजिम प्रक्रिया पूरा गरी दोव्वर दस्तुर लिई इजाजतपत्र नवीकरण गर्न सक्नेछ। नविकरण समाप्त भएको एक बर्ष पश्चात नविकरणको लागि निवेदन दिएमा नगर कार्यापालिकाको निर्णय बमोजिम हुनेछ ।

८. **स्वास्थ्य संस्था गाभिई सेवा संचालन गर्न सक्ने**: स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन संचालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरू एक आपसमा गाभिई सेवा संचालन गर्न चाहेमा नगरपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाले सयुंक्त रुपमा निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन परेमा नगरपालिकाले आवश्यक जाँचबुझगरि अनुमती दिन सक्नेछन।

९. **इजाजत खारेजी तथा कारवाही सम्बन्धी ब्यवस्था**: (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरालेखिएको भएतापनि नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी ईजाजतपत्र लिन वा नवीकरण गर्न दफा ४ को उपदफा (२) बमोजिम एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) यस निर्देशिका बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी इजाजतपत्र नलिने र नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ । सोको व्यहोरा संघीय स्वास्थ्य मन्त्रालय र प्रदेश मन्त्रालयमा समेत जानकारी दिनेछ।

१०. **सञ्चालन अनुमति नवीकरण नहुने**: (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा नगरपालिका भित्र संचालित स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन :–

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्यसेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने स्वास्थ्य संस्थाको हकमा प्रतिवेदनमा उल्लिखित सर्तहरू पालना नगरेको पाईएमा,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पताल जन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) स्वास्थ्य मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा नगरपालिकाले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पूराना भवनको हकमा तोकिएका समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

(छ) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा नगरपालिकाले सम्बन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ।

११. **<u>स्वास्थ्य सेवा सञ्चालन</u>:** (१) नगरपालिकाबाट इजाजतपत्र लिई संचालित स्वास्थ्य संस्थाले नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको तहगत संरचना, उपलब्ध गराउनुपर्ने सेवा र सो को मापदण्ड बमोजिम आफ्नो उद्देश्य र क्षमता अनुसार देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछः-

(क) आधारभूत स्वास्थ्य सेवा

(ख) आकस्मिक सेवा,

(ग) बहिरंग सेवा,

(घ) अन्तरंग सेवा,

(ङ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(च) सामान्य शल्यक्रिया सेवा,

(छ) सामान्य चिकित्सा सेवा,

(ज) स्त्रीरोग तथा प्रसुति सेवा,

(झ) वालरोग तथा शिशु सेवा,

(ञ) सामान्य दन्त सेवा,

(ट) प्रबर्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ठ) फार्मेसी सेवा,

(ड) रक्त सञ्चार सेवा,

(ढ) फिजियोथेरापी सेवा,

(ण) अस्पताल व्यवस्थापन,

(त) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन।

(२) नगरपालिकाभित्र संचालित स्वास्थ्य संस्थाले अन्य कुराको अतिरिक्त देहायका विवरण समेत खुलाई नगरपालिकामा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(क) दर्ता मिति, निकाय र दर्ता समाप्त हुने अवधि

(ख) संचालन स्वीकृति पाएका सेवाहरू र उक्त सेवा प्रवाहको अवस्था

(ग) सेवाग्राहीहरूको संख्या

(घ) नगरपालिकाले तोकेका आधारभूत स्वास्थ्य सेवा वितरण गरेको अवस्था र लाभग्राही संख्या

(ङ) स्वास्थ्यकर्मी र चिकित्सकहरूको संख्या र तिनीहरूको विशेषज्ञता

(च) नगरपालिका र अन्य निकायबाट भएको अनुगमन र सुझाव वा निर्देशनको कार्यान्वयनको अवस्था

(छ) तोकिएको निकायलाई प्रचलित कानुन अनुसार तिरेको करको विवरण

(ज) नगरपालिकाले समय समयमा तोकेको अन्य आवश्यक कुराहरु

१२. **<u>स्वास्थ्य सेवा गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड</u>** : (१) स्वास्थ्य सेवा संचालन गर्दा नेपाल सरकारले तोके बमोजिम सुनिश्चित गर्नुपर्ने न्युनतम गुणस्तर सम्बन्धी मापदण्डका अतिरिक्त देहायका मापदण्डहरूको समेत पालना गर्नुपर्नेछ ।

(क) बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरू र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनु पर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नुपर्नेछ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरूगुणस्तरीयरुपमा संचालन गर्न कार्यसंचालन निर्देशिका बनाई लागु गर्नुपर्नेछ।

(घ) स्वस्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरू उपलव्ध हुने समय तालिका(दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाँउमा राखिएको हुनुपर्दछ।

(ङ) स्वास्थ्य संस्थाले उपलव्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकवाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) विरामीले त्यहाँ कार्यरत चिकित्सकहरू मध्ये आफूले सेवा लिन चाहेको चिकित्सकवाट सेवा लिन पाउने व्यवस्था हुनु पर्नेछ।

(छ) परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्दछ।

(ज) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरेको हुनु पर्दछ।

(झ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सेवा सर्त सम्बन्धी विनियम वनाएको हुनु पर्नेछ।

(ञ) स्वास्थ्य संस्थाले नेपाल सरकारवाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ।

(ट) अस्पतालले २४सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ।

(ठ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ र सो को विवरण सवैले देख्ने ठाँउमा राख्नु पर्नेछ।

(ड) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, विरामीको रेफरल प्रकृया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सोको व्यहोरा बमोजिमको ढांचा सवैले देख्ने ठाँउमा राख्नु पर्नेछ।

(ढ) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कूल शैयाको १० प्रतिशत शैया छुट्टाई नगरपालिकाले सिफारिश गरेका विरामीलाई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ र कुन उपचार,विरामीले कहिले प्राप्त गऱ्यो सो को अभिलेख सहितको प्रतिवेदन मासिक रुपमा नगरपालिकामा पठाउनु पर्नेछ।

(ण) स्वास्थ्य संस्थाले जेष्ठ नागरिकलाई विशेष तथा सहुलीएत किसिमको सुविधाको व्यवस्था गर्नु पर्नेछ।

(त) स्वास्थ्य संस्था संचालन गरिने भवन र अन्य पूर्वाधार भवन सहिंता र स्वास्थ्य भवन पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ।

(थ) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ।

(द) यस निर्देशिका र प्रचलित कानूनमा उल्लेख भएका मापदण्डलाई सबै स्वास्थ्य संस्थाले पालना गर्नुपर्नेछ र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता सहितको नागरिक वडापत्र सार्वजनिक गर्नु पर्नेछ ।

(ध) प्रत्येक स्वास्थ्य संस्थाले वार्षिक रुपमा गुणस्तरीय सेवाको मापदण्ड पालना भए नभएको सम्बन्धमा स्व-मूल्यांकन गरी सुधार गर्नुपर्ने देखिएमा तत्काल सुधारको योजना बनाइ कार्यान्वयन गर्नु पर्नेछ ।

(न) प्रत्येक महिना नगरपालिकामा तोकिएको ढाँचामा विवरण र प्रतिवेदन बुझाउनु पर्नेछ।

(प) सूचना अधिकारी तोक्नु पर्नेछ।

१३. **<u>प्राविधिक उप समिति:</u>**(१) स्वास्थ्य संस्थाको पूर्वाधार, इजाजतपत्र र नवीकरण गर्ने प्रयोजनको लागि अनुगमन गरी सिफारिस गर्न ऐनको दफा १७ उपदफा (५) बमोजिम देहायको एक प्राविधिक उप समिति रहनेछ।

१. जनस्वास्थ्य अधिकृत - संयोजक

२. सम्बन्धित क्षेत्रको विषय विज्ञहरु मध्ये नगरप्रमुखले तोकेको एकजना - सदस्य

३. स्वास्थ्य सँस्थाको चिकित्सकहरु मध्येबाट नगरप्रमुखले तोकेको एक जना - सदस्य

४. स्वास्थ्य संस्थाको प्रमुख मध्येबाट नगर प्रमुखले तोकेको एक जना- सदस्य

५. स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ महिला कर्मचारीमध्येबाट नगर प्रमुखले तोकेको एक जना -सदस्य

६. नगरपालिकाको इन्जिनियर(सिभिल) -सदस्य

७. नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव (शाखा प्रमुख नै जनस्वास्थ्य अधिकृत भएको अबस्थामा शाखा उपप्रमुख)

८. यस दफा बमोजिम गठन हुने उपसमितिको संयोजकमा जनस्वास्थ्य अधिकृत तोक्दा नेपाल सरकारको स्वास्थ्य सेवाका सातौं वा आठौं तहका जनस्वास्थ्य अधिकृत मध्येबाट तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्राविधिक उपसमितिमा स्वास्थ्य संस्थाको प्रकृति र आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ (चिकित्सक, नर्स, ल्याव टेक्नीसियनरअधिकृत, रेडियोग्राफररअधिकृत, पब्लिक हेल्थ नर्सरअधिकृत, फार्मेसी असिस्टेन्टर अधिकृत, आयुर्वेद क्षेत्रको बिज्ञ हरुलाई समेत समितिमा आवश्यक्ताको आधारमा नियुक्ती गर्न सक्नेछन।

(३) उपदफा (२)बमोजिमको उपसमितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ नगरपालिकामा उपलव्ध हुन नसकेको अबस्थामा अनुगमन समितिले प्रादेशिक तथा संघीय तहका नियामक निकाय, स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्ला स्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिलाई सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ।

१४. **<u>स्वमूल्याङ्कन प्रतिवेदन</u>:** (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरूको यस निर्देशिका र प्रचलित कानूनमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा स्वःमूल्यांकन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नगरपालिका समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न नगरपालिकाले निर्देशन दिन र सो सम्बन्धमा स्पष्टिकरण सोध्न सक्नेछ।

**१५. गुणस्तर र अनुगमन सम्बन्धी अन्य व्यवस्था:**(१) ऐन र यस निर्देशिका बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सक्नेछ ।

(२) यस निर्देशिका बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरीरहेको सेवा पूर्ण वा आंशिक रूपमा बन्द गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनुपर्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकैकुरा लेखिएको भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन।

(५) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति नलिएका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईनेछ ।

## परिच्छेद-३
## अस्पताल व्यवस्थापन सम्बन्धी मापदण्ड

१६. **सोधपुछ तथा गुनासो सुनुवाई:** अस्पतालमा सोधपुछ कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनुपर्नेछ र हरेक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ।

१७. **सूचना तथा संचार सेवा:** (१) अस्पतालमा आकस्मिक सेवाका टेलिफोन नं. हरू एम्बुलेन्स, प्रहरी आदिको अद्यावधिक टेलिफोन नं. राख्नुपर्नेछ।

(२) सवैले देख्नसक्नेगरी नागरिक वडापत्र र नेभिगेसन चार्ट राख्नु पर्नेछ।

१८. **पानीको व्यवस्था:** अस्पतालमा २४सै घन्टा सवै कक्षमा पर्याप्त मात्रामा सफा पिउने पानी तथा अन्य प्रयोजनका लागि पानी उपलब्ध हुनु पर्नेछ।

१९. **विद्युत आपूर्ति:** अस्पतालमा २४सै घन्टा विद्युत आपूर्तिको व्यवस्था हुनुको साथै व्याकअप प्रणालीको समेत व्यवस्था हुनु पर्नेछ।

२०. **शौचालयको व्यवस्था:** अस्पताल हाताभित्र पर्याप्त पानी र साबुन सहितको पर्याप्त संख्यामा सफा शौचालयको व्यवस्था हुनुपर्नेछ। शौचालयको मापदण्ड देहायबमोजिम हुनु पर्नेछ।

(क) **बालबालिका मैत्री:** सरसफाई हुनुका साथै ढोका समाउने ह्याण्डल, सिट, छेस्किनी र बस्ने सिट बालबालिकाले भेट्ने खालको हुनु पर्नेछ।

(ख) **लैङ्गिक मैत्री:** सरसफाई हुनुका साथै महिला र पुरुषको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था हुनु पर्नेछ र महिला शौचालयमा फोहोर फाल्ने ढकनी सहितको बाल्टि हुनु पर्नेछ।

(ग) **अपाङ्गता मैत्रीः** शौचालयमा सबै किसिमका अपाङ्गता भएका (दृष्टि विहिन, ह्विल चियर प्रयोग कर्ता) हरुका लागि अपाङ्गता मैत्री हुनु पर्नेछ।

(घ) **जेष्ठ नागरिक मैत्रीः** जेष्ठ नागरिकको शौचालयमा कमोडको व्यवस्था हुनको साथै भित्तामा समाउनका लागि रेलिङको व्यवस्था हुनु पर्दछ।

२१. **विरामी कुरुवा सुविधाः** अस्पतालमा वहिरङ तथा अन्तरङ सेवा दिइने स्थानहरूमा पर्याप्त मात्रामा विश्राम स्थल तथा विरामी कुरुवाको लागि कुरुवा स्थलको व्यवस्था हुनु पर्नेछ।

२२. **क्यान्टिन व्यवस्थाः** अस्पताल हाताभित्र स्वस्थ, सफा र सुविधायुक्त २४सै घण्टा संचालनमा रहने क्यान्टिनको व्यवस्था हुनु पर्नेछ।

२३. **सुरक्षा व्यवस्थाः** अस्पतालमा २४सै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ। आपतकालिन अबस्थामा अन्य सुरक्षा निकायसंग समन्वय गर्ने संयन्त्रको व्यवस्था हुनुपर्नेछ। अस्पतालको आकस्मिक कक्ष, फार्मेसी, वहिरंङ कक्ष, टिकट कक्ष लगायतको क्षेत्रमा सिसिटिभी जडान गरी कम्तिमा ३० दिनसम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ।

२४. **एम्बुलेन्स व्यवस्थाः** एम्बुलेन्स सेवालाई एकीकृत एम्बुलेन्स सेवा संचालन निर्देशिका २०७७ बमोजिम प्रेषण सेवामा आवद्ध गरी अस्पतालमा आधारभूत मेडिकल इमर्जेन्सी सम्बन्धी तालिम लिएको स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स सेवाको व्यवस्था गरेको हुनु पर्नेछ।

२५. **पार्किङको व्यवस्थाः**(१) अस्पतालमा आवश्यकता अनुसार कर्मचारी तथा सेवाग्राहीहरूको लागि सवारी साधन पार्किङको व्यवस्था हुनुपर्नेछ।

(२) एम्बुलेन्स तथा सव वाहानका लागि छुट्टाछुट्टै पार्किङ स्थल छुट्टाउनु पर्नेछ।

२६. **भण्डारको व्यवस्थाः** अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार, उपकरण तथा औषधिको न्युनतम मौज्दात रहनुपर्नेछ



मिथिला नगरपालिका

र सो सामग्रीहरूको उपयुक्त भण्डारणका लागि आवश्यकता अनुसार रेफ्रिजेरेटर, एयर कण्डिसनर, उपयुक्त भेन्टिलेसन सहितको पर्याप्त भण्डार कक्षको व्यवस्था हुनुपर्नेछ। साथै आपतकालिन अवस्थामा प्रयोग हुने सामग्रीको भण्डारणका लागि कम्तिमा १ महिनाको लागि पुग्ने अलग्गै भण्डारण कक्षको व्यवस्था हुनु पर्नेछ।

२७. **कर्मचारी व्यवस्थापन**: अस्पतालले कम्तिमा पनि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार कर्मचारीको व्यवस्थापन गरेको हुनुपर्नेछ। कर्मचारीहरूले तोकेको पोशाक, परिचयपत्र एवं विद्युतीय हाजिरी वा हाते हस्ताक्षरको हाजिरी को प्रयोग गरेको हुनुपर्नेछ। कर्मचारीको कामको जिम्मेवारी र सेवा, सुविधा लिखित रुपमा तोकिएको हुनु

२८. **सरसफाई तथा फोहोरमैला व्यवस्थापन**:(१) अस्पताल हाता (परिसर, वार्डहरू) सफा, स्वच्छ र दुर्गन्धरहित हुनुपर्नेछ।

(२) अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन फोहोरमैला व्यवस्थापन निर्देशिका २०७७ र प्रचलित कानून बमोजिम हुनु पर्नेछ।

२९. **अस्पताल फार्मेसी**: अस्पताल हाता भित्र प्रचलित कानून बमोजिम फार्मेसी सेवा संचालन गरेको हुनु पर्नेछ।

३०. **विपद तथा महामारी व्यवस्थापन**: अस्पतालले विपद तथा महामारी व्यवस्थापनका लागि छुट्टै संयन्त्र वनाउनु पर्नेछ।

३१. **मर्मत संभार कक्ष**: अस्पतालको भौतिक पूर्वाधार, सवारी साधान, मेसीनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणको सेवा अवरुद्ध नहुनेगरी नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाइएको हुनुपर्नेछ। मर्मतको वार्षिक योजना तयार गरी सोही अनुसार कार्यान्वयन गरेको हुनुपर्नेछ। औजार उपकरणको इन्भेन्टी तथा मर्मत सम्भार गरेको विस्तृत विवरण सहितको सूची तयार गरेको हुनु पर्नेछ।

३२. **तथ्याङ्क व्यवस्थापन इकाईः** अस्पतालमा सूचना विज्ञ सहित तथ्याङ्क व्यवस्थापन तथा अभिलेखीकरण इकाईको व्यवस्था हुनु पर्नेछ।

३३. **लण्ड्री (लुगा धुने) सम्बन्धी व्यवस्थाः** (१)अस्पतालमा विरामी भर्ना गरी बेडमा राखेर उपचार सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाले स्वास्थ्यकर्मी तथा विरामी र सेवाग्राहीले प्रयोग गर्ने गाउन, एप्रोन, वेडसिट, पिलो कभर, टावेल लगायतका सामग्रीहरू सफा र सुरक्षित ढंगले धुलाई गर्न उपयुक्त लण्ड्री सेवा सञ्चालन गर्नु पर्नेछ ।

(२) आफ्नै लण्ड्री सेवा नहुने उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले यस्तो सेवा दिने संस्थासँग सम्झौता गरी लण्ड्री सेवाको उपलब्धताको प्रवन्ध मिलाउनु पर्नेछ ।

## परिच्छेद ४
## भवन तथा पूर्वाधार सम्बन्धी मापदण्ड

३४. **भवन तथा पूर्वाधार सम्बन्धी व्यवस्थाः** स्वास्थ्य संस्थाको भवन तथा पूर्वाधार सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

(क) स्वास्थ्य संस्थाको भवन निर्माण गर्दा भवन ऐन २०५५ को दफा १० र ११ मा भएको व्यवस्था तथा अनुसूची ६ बमोजिम हुनेछ।

(ख) विपद व्यवस्थापन योजना तयार गरी सर्वसाधारणको जानकारीका लागि भवनमा सुरक्षा सम्बन्धी संकेतचिन्ह हरू उपयुक्त स्थानमा स्पष्ट गरी राखिएको हुनु पर्नेछ।

(ग) अस्पतालमा प्रशासनिक कार्यालय, वहिरङ्ग विभाग, अन्तरङ्ग विभाग, इमर्जेन्सी विभाग,प्रयोगशाला, वार्ड,फार्मेसी, रेडियोलोजी विभाग,क्यान्टिन लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरूको व्यवस्था हुनु पर्नेछ ।

मिथिला नगरपालिका

(घ) पूर्वाधारको हकमा "स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका २०७४ (पहिलो संशोधन २०७७)" अनुसार भवन डिजाइन भएको हुनु पर्नेछ। भवन संहिता बमोजिम मापदण्ड पूरा भएको हुनु पर्नेछ ।

(ङ) अस्पतालको कूल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मिटरका दरले हुनु पर्नेछ।

(च) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मीटर हुनु पर्नेछ।

(छ) संभव भएसम्म अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग–अलग प्रवेश द्वार र बहिर्गमन द्वार हुनु पर्नेछ।

(ज) अस्पतालले ओगटेको कूल क्षेत्रफलको ५ प्रतिशत ग्रिनबेल्ट हुनु पर्नेछ।

(झ) अस्पतालको कोठाहरुमा उपयुक्त झ्याल तथा भेन्टीलेसनको व्यवस्था हुनु पर्नेछ।

(ञ) आफ्नो जग्गा नभएका अस्पतालले घर जग्गाभाडामा लिई सेवा सञ्चालन गर्दा सो घर भूकम्पीय जोखिम प्रतिरोधक्षमता भएको भनी प्रमाणित भएको हुनु पर्नेछ।

(ट) विरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनु पर्नेछ ।

(ठ) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहजरुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनु पर्नेछ ।

(ड) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगतामैत्री हुनुपर्नेछ, जसको लागि व्हिलचेयर, ट्रलि, स्टेचरको पर्याप्त व्यवस्था हुनुपर्ने



मिथिला नगरपालिका

र यस्ता सामग्री राख्नेठाउँ,चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

## परिच्छेद ५

## स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड

**३५.** <u>अस्पताल</u>:(१)जनस्वास्थ्य सेवा नियमावलीको अनुसूची ७ बमोजिम आधारभूत अस्पतालले प्रदान गर्नुपर्ने सेवा देहायबमोजिम हुनु पर्नेछ।

१. आधारभूत स्वास्थ्य सेवा

२. देहाय बमोजिमका चिकित्सकीय सेवा (वहिरङ्ग तथा अन्तरंङ्ग सेवा)

  a. सामान्य चिकित्सा
  b. सामान्य सल्यक्रिया
  c. स्त्री तथा प्रसुति सेवा
  d. वाल तथा शिशु सेवा
  e. सामान्य दन्त सेवा

३. देहाय बमोजिमका आकस्मिक सेवा

  a. आकस्मिक सेवा
  b. आधारभूत आकस्मिक शल्यक्रिया(BEONC समेत)
  c. आकस्मिक प्रयोगशाला तथा रक्तसंचार समेत
  d. निदानात्मक सेवा

४. प्रयोगशाला सेवा

५. रेडियो इमेजिङ्ग सेवा

६. फार्मेसी सेवा

७. मेडिको लिगल सेवा

८. प्रचलित कानून र नगरपालिकाले तोकेका अन्य सेवा

मिथिला नगरपालिका

(२) नगरपालिका भित्र १५ शैया सम्मका आधारभूत अस्पताल सञ्चालन गर्नको लागि देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

**(क)** **वहिरंङ्ग सेवाः** शैयाका आधारमा वहिरङ सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनेछ।

**तालिका नं. १**

| क्र.सं | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | बिरामी नाम दर्ता कक्ष तथा स्थानको व्यवस्था | √ | √ | √ |
| २ | अस्पतालबाट प्रदान हुने विशेषज्ञ सेवाको लागि ओ.पी.डी कक्षको ब्यवस्था मिलाइएको | √ | √ | √ |
| ३ | बहिरङ्ग बिभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ बर्ग मिटर हुनुपर्ने र कन्सल्टेन्टको युनिट अनुसार ओ.पी.डी संचालन गर्न सकिने | √ | √ | √ |
| ४ | स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सक उपलब्ध हुने समय तालिम (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाँउमा राखेको | √ | √ | √ |
| ५ | व्हिलचेयर, ट्रली, स्ट्रेचरको प्रयाप्त व्यवस्था भएको | √ | √ | √ |
| ६ | व्हिलचेयर, ट्रली, स्ट्रेचर राख्ने ठाउँ प्रयाप्त भएको | √ | √ | √ |
| ७ | व्हिलचेयर, ट्रली, स्ट्रेचर चलाउने मानिस प्रयाप्त भएको | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| ८ | स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाटै प्रदान गर्ने व्यवस्था मिलाएको | √ | √ | √ |
| ९ | बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पस्ट जानकारी (Counselling) व्यवस्था | √ | √ | √ |
| १० | ओ.पी. डी कक्षमा प्रयाप्त फर्निचर सहितको प्रतिक्षालय | √ | √ | √ |
| ११ | सूचनापाटी, टिभी स्क्रिन, पोस्टर आदिबाट स्वास्थ्य सम्बन्धी र अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था | √ | √ | √ |
| १२ | महिला र पुरुषका लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गतामैत्री र जेष्ठ नागरिकमैत्री समेत शौचालयको व्यवस्था | √ | √ | √ |

**(ख)** **अन्तरङ्ग सेवाः** अन्तरङ्ग सेवा सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनुपर्नेछ।

१. जनरल वार्डको हकमा महिला र पुरुषका लागि अलग अलग वार्डको व्यवस्था हुनुपर्नेछ। यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिलाका लागि गोपनियता र सुरक्षाको प्रत्याभुति गर्नुपर्नेछ। अपाङ्गता भएका विरामीको हकमा व्यक्तिगत सरसफाई र लुगा फेर्नका लागि आवश्यक विशेष व्यवस्था गर्नुपर्नेछ।

२. अस्पतालमा वार्डको सुविधा हुनेगरी ड्रेसिङ रुम,काउन्सिलिङ रुम आदिको व्यवस्था भएको हुनुपर्नेछ।

३. अस्पतालमा आवश्यकता अनुसार क्याविन कोठाहरूको व्यवस्था गर्न सकिनेछ। कूल संख्याको तीस प्रतिशत मात्र क्याविन शैया राख्न पाइनेछ।

४. अस्पतालमा नर्सिङ स्टेशनबाट प्रत्येक विरामीको निगरानी हुने व्यवस्था हुनुपर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक विरामीको शैयामा कल वेल राख्नुपर्नेछ।

५. अस्पतालमा आवश्यकता अनुसार चेन्जिङ रुम,नर्स तथा डाक्टरको ड्युटी रुमको व्यवस्था हुनुपर्नेछ।

६. प्रसुति सेवा गराउने अस्पतालमा लेवर रुम र प्रसुति कक्षमा कम्तिमा एउटा कार्डियो-टोपोग्रापी मेसिन जडान गरेको हुनुपर्नेछ।

७. विरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनुपर्नेछ।

८. अस्पतालका कोठाहरू जेष्ठ नागरिक, बालबालिका तथा अपांगतामैत्री हुनुपर्नेछ जसको लागि व्हिलचेयर, ट्रलि, स्टेचरको पर्याप्त व्यवस्था हुनुपर्नेछ।

**तालिका नं. २** शैयाका आधारमा अन्तरङ्ग सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनेछ।

| क्र.सं | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | डाक्टरको डयूटी रुम,प्यान्ट्री, आईसोलेशन रुम, टिट्रमेन्ट रुम, शौचालय आदिको व्यवस्था | √ | √ | √ |
| २ | शैया बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तिमा २ फिटको दूरी | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| ३ | अस्पतालमा बच्चा, सुत्केरी,अब्जरभेसन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था | √ | √ | √ |
| ४ | जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ स्टाफ नर्सको व्यवस्था भएको | √ | √ | √ |
| ५ | लेबर रुमको छुट्टै व्यवस्था भएको | √ | √ | √ |
| ६ | लेबर रुम र एक्टिभ लेबर वार्डको लागि छुट्टै शौचालयको व्यवस्था भएको | √ | √ | √ |
| ७ | प्रसुति हुनु अगावै बिरामी भर्ना गर्नका लागि pre-labour wardको व्यवस्था भएको | - | - | √ |
| ८ | लेबर रुम र टेबलको हकमा बिरामीको चाप अनुसार तय गर्नुपर्ने | - | - | √ |
| ९ | प्रति लेबर टेबल २ जना मिडवाइफ वा SBA तालिम प्राप्त हुनुपर्ने र एक्टिभ लेबर वार्डको हकमा २ शैया १ जना मिडवाइफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनु पर्ने । | - | - | √ |
| १० | Active Labour Ward र लेबर रुम जोडिएको हुनु पर्नेछ । | - | - | √ |

(ग) **<u>आकस्मिक सेवा</u>**: आकस्मिक सेवा सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनुपर्नेछ।

१. अस्पतालको कूल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनुपर्नेछ।

२. आकस्मिक कक्ष संचालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे, इमेजिङ सेवा, प्रयोगशाला, ओपिडी, ओटी कक्षमा

मिथिला नगरपालिका

ह्वीलचेयर, ट्रली, स्टेचर लैजान ल्याउन तथा विरामी समेत सजिलै वार्डहरूमा सार्न सकिने गरी संचालनमा ल्याएको हुनुपर्नेछ।

३. आकस्मिक विभागबाट विरामी भर्ना गर्न, रिफर गर्ने विरामीको रेफरल प्रक्रिया तथा विरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित गरेको हुनु पर्नेछ।

४. आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा आकस्मिक सेवा सम्बन्धी प्रचलति मापदण्ड अनुसारको आधारभूत तालिम लिएको हुनु पर्नेछ।

__तालिका नं.__ ३ शैयाका आधारमा आकस्मिक सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनेछ।

| क.सं | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | कूल शैया क्षमताको कम्तिमा दश प्रतिशत आकस्मिक कक्षमा शैयाहरुको उपलब्धता | १ | १ | २ |
| २ | आकस्मिक कक्षबाट अल्ट्रासाउण्ड,एक्सरे,इमेजिङ्ग सेवा, प्रयोगशाला, ओ.पि.डी, ओ.टी तथा अन्य सेवाहरुमा सजिलै बिरामी ल्याउन लैजान सकिने व्यवस्था (व्हिलचियर ट्रली जान सक्ने व्यवस्था ) | √ | √ | √ |
| ३ | आपतकालिन सेवाको लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्षमा सहज रुपमा आउन जान सक्ने व्यवस्था | √ | √ | √ |



मिथिला नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| ४ | आवश्यक सेवा दिनका लागि आकस्मिक कक्षको कोठा उपलब्धता | √ | √ | √ |
| ५ | दक्ष स्वास्थ्यकर्मीबाट (२५ भन्दा कम शैया क्षमतामा स्वास्थ्यकर्मीबाट चौबिसै घण्टा सेवा उपलब्ध हुने व्यवस्था) | √ | √ | √ |
| ६ | आकस्मिक सेवामा काम गर्ने जनशक्ति तालिम प्राप्त | √ | √ | √ |
| ७ | आकिस्मक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था | √ | √ | √ |
| ८ | आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर हुने भए रिफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको । | √ | √ | √ |
| ९ | सञ्चार सुविधा(टेलिफोन, ईन्टरनेट,आदि | √ | √ | √ |
| १० | शुद्ध खानेपानीको व्यवस्था | √ | √ | √ |
| ११ | शौचालय र शौचालयमा पर्याप्त पानीको व्यवस्था | √ | √ | √ |
| १२ | सार्वजनिक टेलिफोन सेवाको व्यवस्था | √ | √ | √ |

(घ) **जनशक्ति व्यवस्था:** अस्पतालमा देहाय बमोजिमका न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ:-

(ङ) प्राविधिक जनशक्तिले मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम शैक्षिक उपाधि हासिल गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

१ अस्पतालले प्रदान गर्ने थप सेवाको प्रकृति अनुसार सम्बन्धित विषयका विशेषज्ञ चिकित्सक र सोही अनुपातमा अन्य स्वास्थ्यकर्मीलाई पूर्णकालीन वा आंशिक व्यवस्था गरी सेवा प्रवाह गरनुपर्नेछ ।

२ अस्पतालमा कम्तिमा दुई तिहाई स्वास्थ्यकर्मी पूर्णकालिन हुनु पर्नेछ।

**तालिका -४:** शैया अनुसार जनशक्ति सम्बन्धी व्यवस्था

| क्र.सं | पद | आधारभूत अस्पताल | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | मेडिकल डाइरेक्टर/सुपेरीटेनडेन्ट मेडिकल | १(मे.अ) | १(मे.अ) | १(मे.अ) |
| २ | Gynecologist and Obstetrician | - | - | १ |
| ३ | Pediatrician | - | - | १ |
| ४ | General Practioner (MDGP) | - | - | १ |
| ५ | मेडिकल अधिकृत | - | १ | २ |
| ६ | नर्सिङ अधिकृत | - | १ | १ |
| ७ | नर्सिङ स्टाफ | ४ | ४ | ७ |
| ८ | पारामेडिकल स्टाफ/हे. अ | २ | ४ | ५ |
| ९ | ब. औषधि व्यवस्थापक/फार्मेसी अधिकृत/फार्मेसी सहायक | ०/०/१ | ०/१/१ | ०/१/१ |
| १० | प्रयोगशाला सम्बन्धी जनशक्ति दफा ४८ बमोजिम हुनेछ | | | |
| ११ | रेडियो इमेजिङ सम्बन्धी दफा ५०बमोजिम हुनेछ | | | |
| १२ | एनेस्थटिक सहायक | - | - | १ |
| १३ | डेन्टल हाइजिनिस्ट | - | - | १ |
| १३ | प्लम्बर | - | - | १ |
| १४ | Electrician | - | - | १ |
| १५ | ह. स. चा | आवश्यकता अनुसार | | |



मिथिला नगरपालिका

| | | |
|---|---|---|
| १६ | सुरक्षा गार्ड | आवश्यकता अनुसार |
| १७ | बगैचें | आवश्यकता अनुसार |
| १८ | कार्यालय सहयोगी | आवश्यकता अनुसार |

**(च) औजार तथा उपकरण सम्बन्धी व्यवस्थाः**

१. D वर्गको प्रयोगशाला सम्बन्धी उपकरणहरू देहाय बमोजिम हुनेछ।

**तालिका नं. ५**

| क्र.सं. | औजार उपकरणको नाम | कैफियत |
|---|---|---|
| १ | **Basic Equipments** | |
| | entrifuge | |
| | nocular Micrscope | |
| | olorimeter | |
| | ater bath | |
| | DRL shaker | |
| | ot air oven | |
| | cubator | |
| | icropipettes | |
| | C Counter | |
| | efrigerator | |
| | ower backup | |
| २ | **Glasswares** | |

मिथिला नगरपालिका

| | | |
|---|---|---|
| | Khan tubes | |
| | Test tubes | |
| | Petridishes | |
| ३ | **Semi automated: Biochemistry analyzer** | |
| ४ | **Consumables** | |
| | Disposable syringes | |
| | Vacutainers | |
| | Gloves and masks | |

**२. Cardiac उपकरण देहाय बमोजिम हुनुपर्नेछ।**

**तालिका ६**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Ordinary ECG machine | 0 | 1 |
| 2 | Pulse Oximeter | 1 | 2 |
| 3 | B.P apparatus table model | 2 | 4 |
| 4 | Stethoscope | 2 | 4 |

**३. Operation Theatre सम्बन्धी उपकरण देहाय बमोजिम हुनुपर्नेछ।**

**तालिका ७**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Auto clave HP Horizontal | 0 | Optional |
| 2 | Operation Table Hydraulic Major | 0 | 1 |
| 3 | Operation Table Hydraulic Minor | 0 | 1 |
| 4 | Autoclave vertical single bin | 1 | 2 |

मिथिला नगरपालिका

| | | | |
|---|---|---|---|
| 5 | Focus lamp ordinary | 1 | 2 |
| 6 | Sterilizer Medium (Instrument) | 0 | 1 |
| 7 | Sterilizer small (Instrument) | 1 | 1 |
| 8 | Bowl sterilizer-medium | 0 | 1 |
| 9 | Diathermy machine (Electric Cautery) | 0 | 1 |
| 10 | Suction Apparatus-Electrical | 0 | 2 |
| 11 | Suction Apparatus-Foot operated | 1 | 2 |
| 12 | Dehumidifier | 0 | 1 |
| 13 | Ultra Violet Lamp | 0 | 1 |
| 14 | Ethyelene Oxide Sterilizer | 0 | 1 |
| 15 | Microwave Sterilizer | 0 | 1 |

**४ अस्पतालमा Pathology सम्बन्धी उपकरण देहाय बमोजिम हुनुपर्नेछ।**

**1) MicrobiologyBacteriology**

**तालिका-८**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Incubator | 0 | 1 |
| 2 | Hot Air Oven | 0 | Optional |
| 3 | Microscope | 0 | 1 |
| 4 | Centrifuge/Rotator | 0 | 1 |
| 5 | Refrigerator | 0 | 1 |
| 6 | Auto pipette | 0 | 3 |

2. Biochemistry

**तालिका- ९**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Semi Auto Analyzer | 0 | Optional |
| 2 | Centrifuge/Rotator | 0 | 1 |
| 3 | Hot air Oven | 0 | Optional |
| 4 | Refrigerator | 0 | 1 |
| 5 | Micro pipettes | 0 | 1 |

3. Hematology

**तालिका- १०**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Microscope (Binocular) | 0 | 1 |
| 2 | Blood cell counter (18 parameters or above) | 0 | 1 |
| 3 | Centrifuge/ Rotator | 0 | Optional |
| 4 | Colorimeter | 0 | Optional |
| 5 | Hot air oven | 0 | Optional |
| 6 | Refrigerator | 0 | Optional |
| 7 | Counting Chamber | 0 | 1 |
| 8 | Computer with printer | 0 | Optional |
| 9 | Micro pipette | As per need | |

**४ Histopathology**

**तालिका- ११**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Microscope | 0 | 1 |
| 2 | Incubator | 0 | Optional |
| 3 | Micro pipette | As per need | |

**५ Microbiology, Virolgy, Serology:**

**तालिका- १२**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Water Bath | 0 | 1 |
| 2 | Hot Air Oven | 0 | 1 |
| 3 | Multi-channel micro pipette | 0 | 1 |
| 4 | Incubator | 0 | 1 |
| 5 | Centrifuge | 0 | 1 |
| 6 | Weighing Balance | 0 | 1 |
| 7 | Autoclave vertical | 0 | Optional |
| 8 | Stopwatch | 0 | 1 |

मिथिला नगरपालिका

**6.** अस्पतालमा **Anesthesia** सम्बन्धी उपकरण देहाय बमोजिम हुनुपर्नेछ।

**तालिका -१३**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Endo Tracheal tube sets | 0 | 1 |
| 2 | Air way (Female) | 0 | 1 |
| 3 | Air way (Male) | 0 | 1 |
| 4 | Mouth Prop | 0 | 1 |
| 5 | Tongue Depressors | 0 | 2 |
| 6 | $O_2$ cylinder for Boyles | 0 | 1 |
| 7 | Boyles Apparatus with Fluotec and ircular absorber | 0 | Optional |
| 8 | Oxygen Concentrator/Cylinder | 1 | 1 |
| 9 | Monitor ECG, NI BP, $SPO_2$ with I BP | 0 | 1 |
| 10 | Transport Monitor ECG, $SPO_2$, Ni BP | 0 | 1 |
| 11 | Mac Coy Laryngoscope | 0 | 2 |
| 12 | Intubating LMA 3,4 | 0 | 4 |
| 13 | Double Lumen Tube | 0 | 1 |
| 14 | AMBU bag/Mask | 1 | 4 |
| 15 | Defibrillator | 0 | Optional |

**७. Labour ward, Neonatal and Special Newborn Care Unit (SNCU)भएका अस्पतालहरुमा देहाय बमोजिमका उपकरण हुनु पर्नेछ।**

**तालिका- १४**

| S.N | Name of equipment | Type of health institution | |
|---|---|---|---|
| | | Basic health Centre | 5-15 Bed |
| 1 | Emergency Resuscitation Kit-Baby | 1 | 2 |
| 2 | Standard weighing scale | 1 | 2 |
| 3 | Double-outlet Oxygen Concentrator | Optional | Optional |
| 4 | Radiant Warmer | Optional | 1 |
| 5 | Fetal Doppler | 1 | 2 |

मिथिला नगरपालिका

| | | | |
|---|---|---|---|
| 6 | Delivery Kit | 1 | 2 |
| 7 | Episiotomy Kit | 1 | 2 |
| 8 | Forceps Delivery Kit | Optional | 1 |
| 9 | Silastic Vaccum extractor | Optional | 1 |
| 10 | Pulse Oxymeter baby and adult | 1 | 2 |
| 11 | Nebulizer baby | 1 | 2 |
| 12 | Weighing machine adult | 1 | 2 |
| 13 | Weighing machine infant | 1 | 2 |

**८ Special Newborn Care Unit (SNCU) भएका अस्पतालमा सो सम्बन्धित देहाय बमोजिम उपकरण हुनुपर्नेछ।(if provided in hospital-required equipments)**

**तालिका- १५**

| SN | Equipment | Number |
|---|---|---|
| 1 | Electronic weighing scale | 5 (essential) |
| 2 | Infantometer | 5 (essential) |
| 3 | Emergency drugs trolley | 5 (essential) |
| 4 | Procedure trolley | 5 (essential) |
| 5 | Wall clock with seconds hand | 1 for each room |
| 6 | Refrigerator | 1 for the unit |
| 7 | spot lamp | 5 (essential) |
(ख) परामर्शमा आउने जेष्ठनागरिकको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिष्टर हुनु पर्नेछ।
(ग) केन्द्रमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलीकृत गरिएको हुनु पर्नेछ ।
(घ) केन्द्रमा काम गर्ने व्यक्तिले आफ्नो योग्यता (शैक्षिक उपाधि/तालिम/अनुभव)को प्रमाणपत्र तथा सम्बन्धित चिकित्सा परिषदको दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।
(ङ) सेवा प्रवाह सम्बन्धी मासिक प्रतिवेदन नगरपालिकाको शाखामा नियमित पठाउने व्यवस्था हुनु पर्नेछ ।

४८. **प्रयोगशाला:**नगरपालिकाबाटअनुमति लिई सञ्चालन हुने प्रयोगशाला वर्ग 'D' र 'E' गरी २ प्रकारका हुनेछन्।

मिथिला नगरपालिका

(क) **'E' वर्गका प्रयोगशाला सम्बन्धी मापदण्डः**नगरपालिकामा सञ्चालन हुने "E"वर्गका प्रयोगशाला सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछः-

(१) **भौतिक पूर्वाधारको व्यवस्थाः**प्रयोगशाला सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक सुविधाहरु निम्न अनुसारको हुनुपर्नेछः–

(क) कम्तिमा १५० वर्गफिटको क्षेत्रफल

(ख) प्रयोगशालाको नक्साङ्कन नमुना संकलन गर्नेदेखि लिएर विसर्जन सम्म हुने गरी लजिकल फ्लो मिलाएको हुनु पर्नेछ।

(ग) नमुना संकलन, नमुना प्रोसेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिको लागि छुट्टाछुट्टै क्षेत्र हुनु पर्नेछ।

(घ) तोकिएको कूल क्षेत्रफलको न्युनतम ७० प्रतिशत भाग प्रयोगशालासंग सम्बन्धित प्राविधिक परीक्षण कार्यका लागि छुट्टयाइएको हुनुपर्नेछ। बांकी ३० प्रतिशत भागमा प्रयोगशालासंग सम्बन्धित अन्य कार्यहरू जस्तै ननूना संकलन, प्रतिक्षालय, मिटिङ हल, कार्यालय क्षेत्र, भण्डार, सौचालय आदिका लागि व्यवस्था गर्न सकिनेछ। अपाङ्गता, जेष्ठनागरिक, वालवालिका मैत्री शौचालय हुनु पर्नेछ।

(२) **जनशक्तिको व्यवस्थाः**

(क) "E"वर्गको प्रयोगशालामा न्युनतम २ जना ल्याव असिस्टेन्ट वा सोभन्दा माथिल्लो



मिथिला नगरपालिका

तहको प्राविधिक जनशक्ति रहनुपर्नेछ। चौविसै घण्टा आकस्मिक प्रयोगशाला सेवा सञ्चालन गर्नुपर्ने स्वास्थ्य संस्थाको हकमा न्युनतम एक जना थप जनशक्ति हुनु पर्नेछ। प्राविधिक वाहेक व्यवस्थापन, सरसफाई लगायतको जनशक्ति आवश्यकता अनुसार राख्न सकिनेछ।

(ख) प्राविधिक जनशक्तिले मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम शैक्षिक उपाधि हासिल गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ।

(ग) प्राविधिक जनशक्तिलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ।

(घ) न्युनतम मानव संसाधनको गणना गर्दा प्रयोगशालाको कार्यबोझको आधारमा फुलटाइम र नियमित पार्टटाइम जनशक्ति हुनुपर्नेछ। नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रुपमा न्युनतम ३ घण्टा उपलब्ध हुने जनशक्तिलाइ मात्रै मानिने छ। न्युनतम जनशक्ति प्रयोग गर्दा २ जना पार्टटाइम कर्मचारी वरावर १ जना फुलटाइम कर्मचारी मानिनेछ।

(३) E वर्गका प्रयोगशालाको परीक्षणबाट प्राप्त नतिजा कम्तिमा स्नातक तह उत्तिर्ण प्राविधिकबाट भेरिफाई गर्नु पर्नेछ।



मिथिला नगरपालिका

(४) **प्रदानगर्नुपर्ने न्यूनतम प्रयोगशाला सेवाहरू:**"E"वर्गको प्रयोगशालाबाट प्रदान हुनु पर्ने न्यूनतम सेवाहरू देहाय बमोजिम हुनु पर्नेछ:-

तालिका नं.२६

| **क्र.सं.** | **सेवाहरू (Range of Test)** | **परीक्षण विवरण** | **कैफियत** |
|---|---|---|---|
| १ | **Hematology** | TC, DC, Hemoglobin, ESR, Blood grouping for non-transfusion purpose, BT, CT | |
| २ | **Biochemistry** | Sugar, Urea, Bilirubin T&D, S. Uric Acid, Total Protein, Serum albumin | |
| ३ | **Microbiology** | Sputum AFB Stain (Z-N Stain) | |
| ४ | **Tests by RDTs** | With Simple interpretation | |
| ५ | **Miscellaneous** | Routine urine analysis, routine stool analysis, urine pregnancy test, Stool for reducing substances | |

(५) **औजार उपकरण:** "E"वर्गको प्रयोगशालाको लागि आवश्यक औजार उपकरणहरु देहाय बमोजिमको हुनु पर्नेछः–

तालिका२७: औजार उपकरण

| **क्र.सं.** | **औजार उपकरणको नाम** | **कैफियत** |
|---|---|---|
| १ | **All "Basic Equipments", Consumable, reagents, Kits including(but not limited to)** | |
| | • Binocular Micrscope | |



मिथिला नगरपालिका

| | | |
|---|---|---|
| | • Centrifuge | |
| | • Colorimeter | |
| | • Water bath | |
| | • VDRL shaker | |
| | • Hot air oven | |
| | • Autoclave | |
| | • Micropipettes | |
| | • DC Counter | |
| | • Refrigerator | |
| | • Power backup | |
| | **Glasswares** | |
| | Khan tubes | |
| | Test tubes | |
| | Petridishes | |
| | **Consumables** | |
| | Disposable syringes | |
| | Vacutainers | |
| | Gloves and masks | |

मिथिला नगरपालिका

(ख) **'D' वर्गका प्रयोगशाला सम्बन्धी मापदण्ड:** नगरपालिकामा सञ्चालन हुने "D"वर्गका प्रयोगशाला सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ:-

(१) **भौतिक पूर्वाधारको व्यवस्था:**प्रयोगशाला सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक सुविधाहरु निम्न अनुसारको हुनुपर्नेछ:–

(ङ) कम्तिमा २५० वर्गफिटको क्षेत्रफल

(च) प्रयोगशालाको नक्साङ्कन नमुना संकलन गर्नेदेखि लिएर विसर्जन सम्म हुने गरी लजिकल फ्लो मिलाएको हुनु पर्नेछ।

(छ) नमुना संकलन, नमुना प्रोसेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिको लागि छुट्टाछुट्टै क्षेत्र हुनु पर्नेछ।

(ज) तोकिएको कूल क्षेत्रफलको न्युनतम ७० प्रतिशत भाग प्रयोगशालासंग सम्बन्धित प्राविधिक परीक्षण कार्यका लागि छुट्टयाइएको हुनुपर्नेछ। बांकी ३० प्रतिशत भागमा प्रयोगशालासंग सम्बन्धित अन्य कार्यहरू जस्तै ननूना संकलन, प्रतिक्षालय, मिटिङ हल, कार्यालय क्षेत्र, भण्डार, सौचालय आदिका लागि व्यवस्था गर्न सकिनेछ। अपाङ्गता, जेष्ठनागरिक, वालवालिका मैत्री शौचालय हुनु पर्नेछ।

(२) **जनशक्तिको व्यवस्था:**

(ङ) "D"वर्गको प्रयोगशालामा न्युनतम चार जना मध्ये एक जना ल्याव टेक्नोलोजिष्ट वा सो



मिथिला नगरपालिका

भन्दा माथिल्लो तहको, योग्यता भएको प्राविधिक जनशक्ति रहनु पर्नेछ। चौविसै घण्टा आकस्मिक प्रयोगशाला सेवा सञ्चालन गर्नुपर्ने स्वास्थ्य संस्थाको हकमा न्युनतम तीन जना, न्युनतम एकजना स्नातक योग्यता भएको जनशक्ति थप हुनु पर्नेछ। प्राविधिक वाहेक व्यवस्थापन, सरसफाई लगायतको जनशक्ति आवश्यकता अनुसार राख्न सकिनेछ।

(च) प्राविधिक जनशक्तिले मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम शैक्षिक उपाधि हासिल गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ।

(छ) प्राविधिक जनशक्तिलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ।

(ज) न्युनतम मानव संसाधनको गणना गर्दा प्रयोगशालाको कार्यबोझको आधारमा फुलटाइम र नियमित पार्टटाइम जनशक्ति हुनु पर्नेछ। नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रुपमा न्युनतम ३ घण्टा उपलब्ध हुने जनशक्तिलाइ मात्रै मानिने छ। न्युनतम जनशक्ति प्रयोग गर्दा २ जना पार्टटाइम कर्मचारी वरावर १ जना फुलटाइम कर्मचारी मानिनेछ।

(३)"D" वर्गका प्रयोगशालाको परीक्षणबाट प्राप्त नतिजा कम्तिमा स्नातक तह उत्तिण प्राविधिकबाट भेरिफाई गर्नु पर्नेछ।

(४)**प्रदान गर्नु पर्ने न्यूनतम प्रयोगशाला सेवाहरू:**Dवर्गको प्रयोगशालाबाट प्रदान हुनु पर्ने न्यूनतम सेवाहरू E वर्गको प्रयोगशालाबाट प्रदान हुने सबै सेवाहरूका अतिरिक्त देहाय बमोजिमका सेवाहरू हुनु पर्नेछः-

<u>तालिका नं.२८</u>

| **क्र.सं.** | **सेवाहरू (Range of Test)** | **परीक्षण विवरण** | **कैफियत** |
|---|---|---|---|
| १ | **Hematology** | RBC Count, PT, APTT, Platelet count, Red Cell Indices, (TC, DC, Hemoglobin, ESR, Bloodgrouping for non-transfusion purpose, BT, CT) | |
| २ | **Biochemistry** | SGOT, SGPT, ALP, Lipid profile, creatinine, sodium, potassium (Sugar, Urea, Bilirubin T&D, S. Uric Acid, Total Protein, Serum albumin) | |
| ३ | **Microbiology** | Gram stain and KOH mount for fungi (Sputum AFB Stain (Z-N Stain)) | |

मिथिला नगरपालिका

| | | | |
|---|---|---|---|
| ४ | **Serological tests** | RPR, WIdal test ASOTitre, RA Factor, CRP | |
| ५ | **Tests by RDTs** | All | |
| ६ | **Miscellaneous** | Stool for occult blood, Urine ketone bodies, Urobilinogen, bile salt, bile pigment, Bence Jones protein<br>(Routine urine analysis, routine stool analysis, urine pregnancy test, Stool for reducing substances)d | |

**(५) औजार उपकरण:** D वर्गको प्रयोगशालाको लागि आवश्यक औजार उपकरणहरु देहाय बमोजिमको हुनु पर्नेछः–

**तालिका-२९: औजार उपकरण**

| **क्र.सं.** | **औजार उपकरणको नाम** | **कैफियत** |
|---|---|---|
| १ | **Basic Equipments** | |
| | • Centrifuge | |
| | • Binocular Micrscope | |
| | • Colorimeter | |
| | • Water bath | |
| | • VDRL shaker | |
| | • Hot air oven | |

| | | |
|---|---|---|
| | • Incubator | |
| | • Micropipettes | |
| | • DC Counter | |
| | • Refrigerator | |
| | • Power backup | |
| २ | **Glasswares** | |
| | Khan tubes | |
| | Test tubes | |
| | Petridishes | |
| ३ | **Semi automated: Biochemistry analyzer** | |
| ४ | **Consumables** | |
| | Disposable syringes | |
| | Vacutainers | |
| | Gloves and masks | |

(६) **प्रयोगशाला सामग्री:** प्रयोगशाला सेवालाई स्तरीय बनाउन गुणस्तरीय प्रयोगशाला सामग्री (किट, रिएजेन्ट,उपकरण लगायत) को नियमित खरिद/आपूर्तिहुनेप्रवन्ध मिलाएको हुनु पर्नेछ।

(७) प्रयोगशाला संचालन सम्बन्धी अन्य ब्यबस्था राष्ट्रिय प्रयोगशाला निर्देशिकामा उल्लेखित भए बमोजिम हुनेछ।

४९. **<u>औषधि पसल(फार्मेसी) संचालन मापदण्ड</u>** : नगरपालिकामा सञ्चालन हुने औषधि पसलले देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछ:-

(१) **सेवा** : औषधि ऐन २०३५ तथा औषधि सम्बन्धी प्रचलित कानून बमोजिम औषधिको खुद्रा तथा थोक विक्री वितरण र वितरित औषधिको बारेमा सूचना र परामर्श सेवा प्रदान गर्नुपर्नेछ।

(२) **भौतिक पूर्वाधारको व्यवस्था:**औषधि पसलको लागि भौतिक पूर्वाधार सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछ:-

(क) फार्मेसी संचालनका लागि औषधि विक्री वितरण संहिता २०७१ र प्रचलित मापदण्डको पालना हुनेगरी आवश्यक औषधि वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाँउको व्यवस्था गर्नु पर्नेछ।

(ख) सेवा केन्द्रको क्षेत्र, औषधिको प्रकृति र परिणामका आधारमा भवन र आवश्यकता अनुसारका कोठाको प्रवन्ध हुनुपर्नेछ। औषधि तथा औषधिजन्य पदार्थको लेवलमा तोकिएको संचय तापक्रम अनुकूल भण्डारण गर्नु पर्नेछ।

(ग) औषधि संचय गर्ने ठाँउमा सिदा प्रकाश नपर्ने, पानी नचुहिने वा ओस नलाग्ने र पर्याप्त भेन्टिलेसन भएको हुनु पर्नेछ।

(घ) फार्मेसी संचालन गर्ने ठाँउ सरवसाधारणले सजिलै देख्ने हुनु पर्दछ।

(ङ) विरामीको लागि परामर्श लिने उपयुक्त व्यवस्था रहनु पर्दछ।

(च) अभिलेख कार्यका लागि निर्दिष्ट स्थान हुनु पर्नेछ।

मिथिला नगरपालिका

(छ) वेकार काम नलाग्ने सामग्रीका लागि अल्पकालिन संकलनको स्थान हुनु पर्नेछ।

(ज) विक्री वितरणको लागि अनुपयुक्त वा फर्काउनुपर्ने वा म्याद गुज्रेको वा नष्ट गर्नुपर्ने औषधि तथा औषधिजन्य सामग्री असम्बन्धित व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै व्यवस्था मिलाउनु पर्नेछ।

(३) **जनशक्ति व्यवस्था:**(१) औषधि पसलमा मान्यताप्राप्त शिक्षण संस्थाबाट फार्मासिष्ट वा फार्मेसी सहायकको लागि आवश्यक शैक्षिक योग्यता,आवश्यक तालिम र नेपाल फार्मेसी परिषदमा दर्ताभएको हुनु पर्नेछ।

(२) प्राविधिक वाहेक अन्य जनशक्ति आवश्यकता अनुसार राख्न सकिने छ।

(४) **औजार तथा उपकरण सम्बन्धी व्यवस्था:** सेवा र विषय अनुसार देहाय भएबमोजिका औजार तथा उपकरणको व्यवस्था भएको हुनु पर्नेछ।

(क) उपलब्ध औषधिहरूलाई उपयुक्त तख्ताहरूमा मिलाएर संचय गर्न आवश्यक संख्यामा दराज।

(ख) विक्री वितरण कक्षका लागि टेवल र कुर्ची।

(ग) चिसो स्थानमा संचय गर्नुपर्ने औषधिको लागि आवश्यकता अनुसार उपयुक्त क्षमताको रेफ्रिजेरेटर।

(५) **अनुमति लिनुपर्ने:** नगरपालिकाभित्र **कुनैपनि व्यक्तिले** औषधि पसल संचालन गर्न चाहेमा देहायका कागजात सहित नगरपालिकामा निवेदन दिनुपर्नेछ।

मिथिला नगरपालिका

(क) औषधिविक्री वितरण गर्ने व्यक्ति-व्यक्तिहरू नेपाल फार्मेसी परिषदमा फर्मासिष्ट वा फार्मेसी सहायकमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) विक्री वितरण गर्ने व्यक्ति र पसल संचलन गर्ने व्यक्ति अलग अलग भएमा संचालक(धनी) को नागरिकताको प्रतिलिपि।

(घ) औषधिविक्री वितरण गर्ने व्यक्ति औषधिविक्रीमा आफै कार्यरत रहने व्यहोराको कबुलियत।

(ङ) औषधि व्यवस्था विभागमा औषधि पसल संचालन गर्न आफ्नो नाम र पसल दर्ता गरेको प्रमाणपत्र।

मिथिला नगरपालिका

**(६) विभागमा दर्ता गर्नुपर्ने:**

**(क)** उपदफा (५) बमोजिम नगरपालिकाबाट अनुमति लिनु पूर्व नगरपालिका भित्र कुनै पनि व्यक्तिले औषधि ऐन २०३५ को दफा १० बमोजिम औषधि दर्ता नियमावली २०३८ को नियम ६ बमोजिमको प्रक्रिया पुऱ्याई औषधि व्यवस्था विभागमा औषधि पसल संचालन गर्न आफ्नो नाम र पसल दर्ता गराई प्रमाणपत्र लिनु पर्नेछ।

**(ख)** खण्ड (क) बमोजिम औषधि व्यवस्था विभागमा दर्ता भएको र दफा (५) बमोजिमको आधार पुगेको औषधि पसललाई नगरपालिकाले अनुमति प्रदान गनु पर्नेछ।

**(ग)** यो निर्देशिका लागु हुनु पूर्व दर्ता भइ संचालनमा रहेका औषधि पसलले तीन महिनाभित्र नगरपालिकामा सूचीकृत हुनु पर्नेछ।

**(७) निरीक्षण, अनुगमन गर्न सक्ने:** नगरपालिकाले नगर क्षेत्रभित्रका औषधि पसल दर्ता भए नभएको र मापदण्ड अनुसार कार्य गरे नगरेको सम्बन्धमा औषधि ऐन र औषधि जाँचबुझ तथा निरिक्षण नियमावली २०४० बमोजिम नियमित र आकस्मिक निरीक्षण र अनुगमन गर्न सक्नेछ।यसरी अनुगमन गर्दा औषधि व्यवस्था विभागसंग समन्वय गर्न सक्नेछ।

**(८) प्रतिवेदन बुझाउनुपर्ने:** औषधि पसलले नगरपालिकामा वार्षिक प्रतिवेदन बुझाउनु पर्नेछ।

**(९)अन्य व्यवस्था:**

मिथिला नगरपालिका

(क) विरामीको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिष्टर हुनु पर्नेछ ।

(ख) परामर्श सेवाको लागि निश्चित स्थानको प्रवन्ध गर्नु पर्नेछ।

(ग) विरामीलाई औषधि सेवन बारेमा विधि एवं सूचना प्रदानको लागि स्थान छुट्टाउनु पर्नेछ।

(घ) दर्ता प्रमाणपत्र देखिने स्थानमा राख्नु पर्नेछ।

(ङ) औषधिविक्री वितरण संहिता २०७१ पालना गर्नुपर्नेछ।

(च) औषधि पसलमार्फत थप सेवा प्रदान गर्न सम्बन्धित सेवा सम्बन्धी प्रचलित मापदण्ड पूरा गरी अनुमति लिनु पर्नेछ।

## परिच्छेद ५

## मापदण्ड सम्बन्धी अन्य व्यवस्थाः

५०. **रेडियो इमेजिङ्ग सेवा सम्बन्धी व्यवस्थाः** रेडियो इमेजिङ्ग सेवा सञ्चालनको देहाय बमोजिम मापदण्ड हुन पर्नेछः

(क) साधारण एक्सरे सेवा सम्बन्दी व्यवस्थाः

(१) एउटा एक्सरे मेसिन जडान गर्न कम्तिमा ४५० से.मि र उचाई २५० से. मि को कोठा उपलब्ध हुनु पर्नेछ ।

(२) नियन्त्रण गर्ने कोठा एक्सरे कोठा भन्दा अलग हुनु पर्छ र कम्तिमा १५५ से. मि * १२० से.मि. को हुनु पर्नेछ ।

(३) प्रोसेसिङ कोठा एक्सरे कोठा भन्दा अलग हुनु पर्छ।

(४) प्रतिक्षा गर्नेर रिपोर्ट दिने अलग अलग हुनु पर्छ।

(५) देहाय बमोजिमको कोठाको व्यवस्था गरी विकीरण चुहावट नियन्त्रण गर्नु पर्नेछ।

(अ) ढोका र हेर्ने झ्याल (भ्युईङ झ्याल) मा २ मि. मि. बाक्लो सिसा (लिड) भएको।

(आ) ०.२ मि. मि बाक्लो सिसा (लिड) र १५ से. मि ईटाको भित्ता वा कंक्रिटको भित्ता भएको।

(इ) सम्भव भएसम्म झ्याल नभएको कोठा, कोठाको भेन्टिलेसन जमिनदेखि १८० से. मि. माथि रहेको र आफै बन्द हुने स्वचालित ढोका भएको।

(ई) मोबाइल एक्सरे उपकरण संञ्चालन गर्दा तारको लम्बाई कम्तिमा २०० से. मि. भएको ।

(६) पोर्टेबल एक्सरे उपकरणहरु सधै एक खण्ड (स्टयान्ड) मा राखिएको हुनु पर्नेछ।

(७) कम्तिमा एउटा ०.२ मी.मी. बाक्लो लिड एप्रोन अथवा सो बराबरको विकीरणबाट सुरक्षा दिने सामग्री हुनु पर्नेछ।

(८) कम्तिमा ०.२ मी.मी, बाक्लो चश्मा, लिडको पन्जा, थाईराइड शिल्ड उपलब्ध हुनु पर्नेछ।

(९) विकीरणको क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारीलाई विकीरण निगरानी उपकरण (पर्सनल रेडीएसन डोज मनिटर) प्रदान गर्नु पर्नेछ र उक्त उपकरणको नियमित परीक्षण तीन/तीन महिनामा गर्नु पर्नेछ ।

(१०) विकीरणको क्षत्रमा काम गर्ने कर्मचारीहरुको डोजको सिमा इन्टरनेश्नल कमिसन अन रेडियोलोजिकल प्रोटेक्सनले तोकेको मापदण्ड अनुसार २० मी. ली. सिवर्ट प्रति वर्ष वा पांच वर्षको औसत १०० मि. ली. सिवर्टको सीमाभित्र हुनु पर्नेछ । त्यो सीमा भन्दा बढी भएमा सम्बन्धित संस्थाले उक्त कर्मचारीलाई विकीरण मुक्त क्षेत्रमा काम गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(११) एक्सरेको कोठाको वरिपरि सर्भेक्षण आवधिक रुपमा मेडिकल फिजीसिस्ट वा विकीरण संरक्षण अधिकृतबाट गराउनु पर्नेछ । सेवा सुरु गर्नुभन्दा पहिले र प्रत्येक तीन वर्षमा विकीरण सर्भेक्षण गर्नु पर्नेछ ।

(१२) एक्सरेको राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरुको चार्ट ( स्टयान्डर्ड एक्सपोजर प्यारामिटर चार्ट) प्रयोग गर्नु पर्नेछ ।

(१३) बैकल्पिक विद्युत आपूर्तिको लागि ब्याकअपको व्यवस्था हुनु पर्नेछ।

५१. **<u>“ई” समूहको रक्त संचार केन्द्रः</u>** रक्त संचार सेवा उपलब्ध भएको केन्द्रहरुसँग समन्वय गरी रगत तथा रक्त तत्व प्राप्त गरेर आफ्नो रक्त संचार केन्द्रमा भण्डारण गर्ने तथा आवश्यकता अनुसार वितरण गर्नु पर्नेछ ।

मिथिला नगरपालिका

५२. **संक्रमण रोकथाम तथा नियन्त्रण:**(१) संक्रमण रोकथामका लागि स्वास्थ्यकर्मी लगायतका फोहोरमैला व्यवस्थापनसंग संम्बन्धित कर्मचारीहरुलाई सो सम्वन्धी अभिमुखीकरण तालिम दिनु पर्नेछ ।

(२) कामको प्रकृति र आवश्यक्ता अनुसार कर्मचारीहरुलाई आवश्यक परिणाममा व्यक्तिगत सुरक्षा सामग्रीउपलब्ध गराउनु पर्नेछ।

(३) सेवा प्रदायकहरुको सुरक्षाकालागि आवश्यक पर्ने खोप तथा औषधिको व्यवस्था गरेको हुनु पर्नेछ।

(४) स्वास्थ्य संस्था जन्य संक्रमणबाट बचाउनको लागि स्वास्थ्यजन्य फोहोर मैलाको प्रचलित मापदण्ड अनुसार व्यवस्थापन हुनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाका प्रमुख स्थानहरु ( जस्तै प्रवेश स्थल ,इमर्जेन्सी कक्ष ,अन्तरंग विभाग ,बहिरंग विभाग लगायतमा)हात धुन मिल्ने व्यवस्था वा स्यानिटाइजरको व्यवस्था गर्नु पर्दछ।

(६) प्रत्येक प्रोसिडर पछि प्रयोग भएका सामानलाई अटोक्लेभ गरी निःसंक्रमित गर्नु पर्दछ।

(७)संक्रमण रोकथाम तथा नियन्त्रणको लागि आवश्यक्ता अनुसार समितिहरु गठन गरी प्रभावकारी व्यवस्थापन गर्नु पर्नेछ।

५३. **जनस्वास्थ्य सेवा सम्बन्धी मापदण्ड**: (१)स्वास्थ्य संस्थाले नगरपालिकाले तोके बमोजिम जनस्वास्थ्यका सेवाहरु (पोषण खोप,सुरक्षित मातृत्व, वाल स्वास्थ्य ,परिवार नियोजन)उपलब्ध गराउनु पर्नेछ ।

(२)स्वास्थ्य संस्था स्थापना हुदा वा नवीकरण गर्दा उल्लेख गरे बमोजिमका अन्य जनस्वास्थ्य सेवा प्रदान गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।कुनै विशेष कारणले उल्लेख गरे बमोजिमका सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा सम्वन्धित कार्यालयमा सूचित गर्नु पर्नेछ ।

(३) नगरपालिकाले जारी गरेको सेवा र कार्यक्रमसंग संबद्ध प्रोटोकल,मापदण्ड,निर्देशिकाहरुको पालना गर्नु पर्दछ ।

(४) स्वास्थ्य संस्थाले उपलब्ध गराएका सेवाको अभिलेख राखी सम्बन्धित कार्यालयमा सो को प्रतिवेदन नियमित रुपमा पठाउनु पर्नेछ ।

५४. **स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी मापदण्ड:**स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका लागि देहाय बमोजिमका मापदण्ड हुनु पर्नेछ ।

(क) **तयारी र क्षमता अभिबृद्दि:**

(१) प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका अद्यावधिक कार्ययोजना तयार गरी स्वास्थ्य संस्था प्रमुखबाट प्रमाणित गराई कार्यान्यनमा ल्याउनु पर्नेछ ।

(२) स्वास्थ्य संस्थामा संस्था प्रमुखको नेतृत्व तथा हरेक विभागहरुको सदस्यता रहने गरी स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन समिति गठन गर्ने र हरेक पदाधिकारी तथा सदस्यहरुको भूमिका तथा जिम्मेवारीहरु निर्दिष्ट रुपमा परिभाषित गरी सम्बन्धित लाई दिने जानकारी र पालना गर्नु ,गराउनु पर्दछ ।

(३) स्वास्थ्य संस्थामा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका लागि एक तालिम प्राप्त व्यक्ति तोकी जिम्मेवारी दिनु पर्दछ ।

(४) अस्पताल सफा,स्वच्छ र दुर्गन्धि रहित हुनु पर्नेछ । अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन “फोहोरमैला व्यवस्थापन निर्देशिका २०७७”अनुसार हुनु पर्नेछ।

**(ख) उत्पादन तथा वर्गीकरण**

(१) स्वास्थ्य संस्थाका वार्ड/युनिटहरुमा फोहोरमैला स्रोतमा नै छुट्याई तोकिएका कन्टेनरमा जम्मा गर्नु पर्दछ र सो को जानकारी सेवाग्राही र कुरुवालाई दिनु पर्दछ।

(२) फोहोरको वर्गीकरण गर्न विभिन्न रंगका बाल्टिन वा विनहरुको उचित प्रयोग सहितको व्यवस्थापन गर्नु पर्नेछ ।

(३)फोहोर व्यवस्थापनमा प्रयोग हुने बिन\बाल्टिनहरुमा देहाय बमोजिम रंग कोडिङ्ग मापदण्ड लागू गरिएको हुनु पर्नेछ:

- हरियो रंग: कुहिने सामान्य फोहोरका लागि
- नीलो:नकुहिने सामान्य फोहोरका लागि
- रातो रंग:जोखिमयुक्त फोहोरका लागि संक्रमित,प्याथोलोजिकल,धारिलो औषधिजन्य तथा साइटोटोक्सिक
- पहेलो रंग:जोखिमयुक्त रासायनिक फोहोरका लागि
- कालो रंग:जोखिमयुक्त रेडियोधर्मी फोहोरका लागि

(४)फोहोर वर्गीकरण,संकलन तथा भण्डारणमा प्रयोग हुने विन\बाल्टिन (औषधि उपचार टलिमा (प्रयोग हुने समेत ) मा तस्वीर तथा विवरण सहितको लेबलिङ्ग गर्नु पर्नेछ ।

(५) संक्रमित सुई नष्ट गर्ने उपकरण (Needle Cutter वा Needle destroyer) को प्रावधान भएको हुनु पर्नेछ।

**(ग) भण्डारण र ओसार पोसारः**

(१) साधारण, संक्रमित, धारिलो, औषधिजन्य तथा साइटोटोक्सिक,रसायनिक र रेडियोधर्मी जस्ता फोहोरलाई छुट्टा छुट्टै भण्डारण गर्नु पर्दछ।

(२) हावा र प्रकाश राम्ररी आउने छुट्टै कोठा\स्थानको व्यवस्था गरी संक्रमित फोहोरलाई गर्मी मौसममा २४ घण्टा र जाडो मौसममा ४८ घण्टाभित्र विसर्जन गर्ने व्यवस्था हुनु पर्दछ ।

(३) सामान्य र जोखिमयुक्त फोहोर छुट्टा छुट्टै ट्रलिको प्रयोग गरी भिडभाड नहुने समय र क्षेत्र हुंदै सुरक्षित साथ ओसार पसार गर्नु पर्दछ ।

**(घ) फोहोरको उपचार**

(१)संक्रमित फोहोरको उपचारः देहाय बमोजिमको प्रविधि प्रयोग गरी संक्रमित फोहोरको निसंक्रमण गर्नु पर्नेछः

(अ)नबाल्ने प्रविधिहरु (Non-burn technologies) जस्तै अटोक्लेभ (Autoclave), माइक्रेवेभ (microwave), घर्षण तापमा आधारित (frictional heat based),आदि

(आ) रसायनिक विधिमा आधारित (Chemical Disinfection) ।

(ई) इनक्यापसुलेशन (Encapsulation) ।

(इ) सेप्टिक कंक्रिट भल्ट (Septic concrete vault) र धारिलो संक्रमित फोहोरका लागि खाडल ।

(२) प्याथोलोजिकल फोहोरको उपचार: देहाय बमोजिम तरिकाले प्याथोलोजिकल फोहोरको उपचार गर्नु पर्नेछ ।

(अ) साल हाल्नका लागि खाल्डोको व्यवस्था (प्लासेन्टा पीट)

(आ) एनारोबिक डाइजेस्टर/बायोग्यासको व्यवस्था

(३)रसायनिक फोहोरको उपचार: देहाय बमोजिमको तरिकाले रसायनिक फोहोरको उपचार गर्नु पर्नेछ:

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back Policy)

(आ)) इनक्यापसुलेशन (Encapsulation)/निष्कृय पारेर (Inertization)

(४) औषधिजन्य फोहोरकोउपचार: देहाय बमोजिम तरिकाले औषधिजन्य फोहोरको उपचार/व्यवस्थापन गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता / उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back Policy)

(आ) इनक्यापसुलेशन (Encapsulation)/ निष्कृय पारेर (Inertization)

(ई) अल्कलाइन हाइड्रोलाईसिस Alkaline Hydrolysis पद्धति

(५) साइटोटक्सिक फोहोरको उपचार (Cytotoxic): देहाय बमोजिम तरिकाले साइटोटक्सिक फोहोरको उपचार गर्नु पर्नेछ:

(अ) निर्यातकर्ता/उत्पादकलाई फिर्ता गर्ने नीति (Return Back Policy)

(आ) इनक्यापसुलेशन (Encapsulation)/ निष्क्रिय पारेर (Inertization)

(ई) रसायनिक तथा भौतिक उपचार (Neutralization, Detoxification, Chemical reduction or oxidation, Hyrolysis and others

(६) फोहोर उत्पादन हुने स्वास्थ्य संस्थास्तरमा नै उत्पादित फोहोरको निसंक्रमण गर्नु पर्नेछ ।

**ङ) फोहोरमैलाको विसर्जन (Disposal):**

(१) तोकिएको प्रविधिहरुबाट उपचार गरे पश्चात साधारण फोहोरलाई स्थानीय तहको फोहोर संकलन तथा व्यवस्थापन प्रणालीसंग एकीकृत रुपमा विसर्जन गर्ने वा पुनचक्रीय गर्न मिल्ने असंक्रमित सामग्रीहरुलाई पुनचक्रीय प्रणालीमा लैजाने गर्नु पर्नेछ ।

(२) कुहिने फोहोरमैलाहरुलाई प्राङगरिक मल बनाएर वा बायोग्यास( aerobic digestion/biogas) प्रविधि प्रयोग गरी विसर्जन गर्नु पर्नेछ ।

**(च) व्यक्तिगत सुरक्षाका उपायहरु:**

(१) फोहोर व्यवस्थापन गर्दा व्यक्तिगत सुरक्षा कबच टोपी,मास्क,ग्लोबस,चस्मा,बुट,गाउन,फेस सिल्ड इत्यादि )को प्रयोग गर्नु पर्नेछ।

(२) स्वास्थ्यकर्मी,फोहोर संकलक तथा सम्बन्धित पेशाकर्मीहरुले प्रोटोकल अनुसार हेपाटाइटस बी (Hepatitis B) टीटानस (Tetanus) लगायतका संक्रमण विरुद्धको खोप लगाएको हुनु पर्नेछ ।

(३) Post Exposure Prophylaxis (PEP) नभएका स्वास्थ्य संस्थाहरुले उक्त सेवाका लागि सेवा प्रदायक संस्थाको पहिचान गरी सम्बन्धित कर्मचारीलाई सो को पूर्व जानकारी दिनु पर्दछ ।

**(छ) दिगो व्यवस्थापनका लागि थप सहयोगी क्रियाकलाप:** उपचार गर्ने प्रविधि, प्रणाली तथा मेशिनहरुको विभिन्न परीक्षण माध्यमहरुबाट (biological indicators e.g: Spores or other tests)

मिथिला नगरपालिका

नियमित रुपमा परीक्षण तथा भ्यालिडेसन (Validation) गरी निर्मलीकरण गर्ने क्षमताको नियमन गर्नु पर्नेछ ।

## परिच्छेद -६

## विविध

५५. **मापदण्डको पालना गर्नु सबै स्वास्थ्य संस्थाको कर्तव्य हुने:** यस निर्देशिकामा उल्लेखित मापदण्डको पालना गर्नु मिथिला नगरपालिका भित्र सञ्चालित सबै स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

५६. **पूर्व सञ्चालित स्वास्थ्य संस्थाहरू नियमित गर्ने व्यवस्था:** (१) यस मापदण्ड लागू हुनुभन्दा पहिले कानून बमोजिम दर्ता भई नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरूले यसमा उल्लेखित सम्पूर्ण मापदण्डहरू ६ महिना भित्र पूरा गर्नु पर्नेछ ।

(२)उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाहरू समेत यसै मापदण्ड बमोजिम नियमित भएको मानिनेछ ।

५७. **छुट तथा सहुलियत प्रदान गर्नुपर्ने:** (१) स्वास्थ्य संस्थाले प्रवाह हुने सेवाको कूल परिमाणको कम्तिमा दश प्रतिशतले हुने संख्या बराबरको सेवा मिथिला नगरपालिका कार्यालयको सिफारिस बमोजिम अति विपन्न, असहाय, अपाङ्गता भएका, जेष्ठ नागरिक वा एकल महिलालाई प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखि शाखामा सो को प्रतिवेदन हरेक तीन महिनामा नियमितरुपले पठाउनु पर्नेछ।

५८. **स्वास्थ्य संस्थाहरूले सेवाशुल्क सार्वजनिक गर्नुपर्ने:** (१) नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरूले प्रवाह हुने सेवाहरू र सोमा लाग्ने शुल्क

मिथिला नगरपालिका

सम्बन्धी विवरण सबै सेवाग्राहीको सहज पहुँच हुने गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरणलाईविरामी वडापत्रमा समेत समावेश गरी सम्भव भएसम्म विद्युतीय माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ ।

५९. **विरामी वडापत्र:**(१)सेवाग्राहीवा विरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया, अवधि, जिम्मेवार व्यक्ति तथा अन्य आवश्यक सूचना समेत खुलाएको अनुसूची ७ बमोजिमको विरामी बडापत्र (Patient Charter) स्वास्थ्य संस्थाको अग्र भागमा सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नुपर्नेछ ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमको वडापत्र विद्युतीय माध्यमबाट राख्न सक्नेछ।

६०. **मापदण्ड तथा अनुसूचीमा हेरफेर:**नगर कार्यपालिकाले यस निर्देशिकामा उल्लेखित मापदण्ड तथा अनुसूचीहरू स्थानीय आवश्यकता र प्रचलित मापदण्ड अनुसार कार्यपालिकाले हेरफेर तथा परिमार्जन गर्न सक्नेछ ।

६१. **प्रचलित कानून बमोजिम हुने:**यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

६२. **अन्य मापदण्ड सम्बन्धी व्यवस्था:**यस मापदण्डमा नसमेटिएका अन्य मापदण्ड सम्बन्धी व्यवस्थाहरू नेपाल सरकारको **स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड, २०७० र स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७** मा उल्लेख भए बमोजिम हुनेछ।

६३. **बाधा अड्काउफुकाउ तथा व्याख्या:** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा परेमा वा थप व्याख्या आवश्यक परेमा बाधा फुकाउने वा व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

मिथिला नगरपालिका

**अनुसूची -१**

**पूर्वाधार स्वीकृतिकोमनसाय पत्रका लागि निवेदन फाराम**

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

श्री ................................

............................................................ ।

निम्नानुसार प्रस्तावित अस्पताल/स्वास्थ्य संस्थाको संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेका छु/छौं।

निवेदन फारामः

कार्यकारी अधिकृत/संचालन समितिको तर्फबाट

..........................................................

१. अस्पताल/स्वास्थ्य संस्थाको नामः-

शैया संख्याः-

२. साधारण सेवा/विशेषज्ञ सेवा अस्पताल वा कस्तो स्वास्थ्य संस्था हो उल्लेख गर्नेः-

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):-

जिल्लाः

पालिकाः

वडा नं.

टोलः

ब्लक नं.

टेलिफोनः

मोबाइलः

पो.ब.नं.:

४. स्वास्थ्य संस्था/अस्पताल खोल्न व्यक्तिहरू (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरूको मात्र):-

नामः



मिथिला नगरपालिका

ठेगाना:

नागरिकता नं.: मोबाइल नं.:

फोन नं.:

५. स्वास्थ्य संस्थाको लागि आवस्यक जग्गा र स्वामित्वको अवस्था

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकार:

(ख) लिजमा भए कबुलियतनामा पेश गर्ने:

६.स्वास्थ्य संस्था/अस्पतालको वित्तीय स्रोत:

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी

(घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सोकोविवरण (च) अन्य वित्तीय लगानी:(स्थीर पूँजी लागत) रु. ....................

(क) भवन तथा जग्गाको लागि: रु. ....................

(ख) औजार उपकरणको लागि: रु. ....................

वित्तीय लगानी: (चल पूँजी लागत) रु. ..................

रोजगार संख्या:

अनुमानित आम्दानी:रु. ..................

अनुमानित मुनाफा: ..........................

मासिक:रु. ............ त्रैमासिक:रु. ............वार्षिक:रु. .................

७. देहायका विषयहरू समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क)स्वीकृत संस्थाबाट प्रदान गर्न सेवाहरूका विवरण:

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| • एक्स–रे<br>• अल्ट्रासाउण्ड | • खोप<br>• गर्भवती, सुत्केरी जाँच | • प्रसूति तथा स्त्री रोग<br>• जनरल मेडिसिन |



मिथिला नगरपालिका

| | | |
|---|---|---|
| • इन्डोस्कोपी<br>• इसीजी, ट्रेडमिल<br>• प्रयोगशाला<br>• ................<br>• .................<br>• ................ | • परिवार नियोजन<br>• ....................<br>• ....................<br>• .................... | • जनरल सर्जिकल<br>• विशेषज्ञ सेवा: जस्तै- प्रसूति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा<br>• ......................<br>• ......................<br>• ...................... |

(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने):

(१)................................................................................................

(२)................................................................................................

(३)................................................................................................

(४)................................................................................................

(ग) संस्थामा सेवा पुर्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):

(१) विशेषज्ञ:

नाम: पद: योग्यता:

पार्टटाइम/फुलटाइम:

(२) प्राविधिक:

नाम: पद: योग्यता:

पार्टटाइम/फुलटाइम:



मिथिला नगरपालिका

(३) प्रशासनिक:

नाम: पद: योग्यता:

पार्टटाइम/फुलटाइम:

नोट: (१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने । सम्बन्धित परिषदको प्रमाण पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनु पर्ने।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्यरुपमा संलग्न हुनु पर्ने ।

(४) प्राविधिक कर्मचारीहरूले कार्य गर्ने अन्य संस्थाहरू भए सोकोसमेत विवरण खुलाउनु पर्नेछ।

मिथिला नगरपालिका

## अनुसूची-२

## इजाजतपत्रका लागि निवेदनको ढाँचा

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

| | |
|---|---|
| १. स्वास्थ्य संस्थाको नाम: | २. शैया संख्या (भएमा खुलाउने): |

३. सेवाको किसिम:

(क)साधारण सेवा (ख)विशेषज्ञ सेवा

४. संस्थाको किसिम:

(क)अस्पताल (ख) अन्य स्वास्थ्य संस्था

५. संस्थाका ठेगाना (पत्राचार गर्ने ठेगाना):

जिल्ला:

गाउँ/नगरपालिका: वडा नं.: टोल:

ब्लक नं.: टेलिफोन न.:

५. संस्था सञ्चालन गर्ने व्यक्तिहरू (५ प्रतीसत भन्दा वढी सेयर होल्डर मात्र)

| क्र.स | नाम | स्थायी ठेगाना | फोन न. | मोवाइल नं. | इमेल | नागरिकता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. संस्थाको वित्तीय स्रोत :

क. निजी:

ख. शेयर कर्जा:

ग. सरकारी:

घ. गैर सरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो उल्लेख गर्ने:

ङ. अन्य भए खुलाउने:

**वित्तीय लगानी: (लागत) रु.**

मिथिला नगरपालिका

| |
|---|
| क. भवन तथा जग्गाका लागि रू: |
| औजार उपकरणको लागि रू. : |
| जनशक्तिको लागि रू.: |
| अनुमानित आम्दानी रू. : |
| सम्पत्तिको स्रोत (खुलाउने): |

७. स्वास्थ्य संस्थाको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरूको बिवरण:

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य |
|---|---|---|---|
| | | | |
| | | | |

८. संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने):

| क्र.स. | उपकरणको नाम | वित्तीय स्रोत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

९. संस्थामा सेवा प्रदान गर्नेस्वास्थ्य जनशक्तिको विवरण (संलग्न गर्ने):

| क्र.स. | कर्मचारी को नाम | पद | शैक्षिक योग्यता | सम्बन्धित परिषदको दर्ता नं. | सरकारी सेवामा कार्यरत छ/छैन | फुलटाइम, पार्टटाइम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

*नोट:*

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरू र पूर्वाधारहरू पूरा भएपश्चात मात्र सेवा संचालन गर्न पाईनेछ।

(२) उपर्युक्त बमोजिम केकति कर्मचारीहरू संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनु पर्नेछ।

(३) सबै सेवाहरूको शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनु पर्ने ।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

मिथिला नगरपालिका

(५) कर्मचारीहरूको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनु पर्ने ।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरू संलग्न हुनेभएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनु पर्ने ।

(७) प्राविधिक कर्मचारीहरूले कार्य गर्ने अन्य संस्थाहरू भए सोकोसमेत विवरण खुलाउनु पर्नेछ।

**१०: स्वास्थ्य संस्था संचालनका लागि निवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरू**

१. निवेदन फारम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि

३. संस्था/कम्पनीको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. स्थायी लेखा दर्ता प्रमाण-पत्रको प्रतिलपि

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. सम्पूर्ण सेवा शुल्क बिवरण खुलेको कागजात

७. प्रारम्भिक वातावरणीय परीक्षण IEE वा वातावरणीय प्रभाव मूल्यांकन EIA गर्नुपर्ने स्वास्थ्य संस्थाले स्वीकृति पत्रका प्रतिलिपि

८. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

९. जग्गा/घरको स्वामित्व वा घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र, भवन स्वास्थ्य संस्था संचालन गर्ने राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र र भवनको स्वीकृत नक्सा

१०. कर चुक्ता प्रमाण पत्र (लागुहुने अवस्थामा मात्रै)

११. लेखा परीक्षण प्रतिवेदन (लागुहुने अवस्थामा मात्रै)

**अनुसूची -३**

**इजाजतपत्रको ढाँचा**

**दफा४ को उपदफा(६) सँग सम्बन्धित)**

**सञ्चालन इजाजत**

इजाजत पत्र नं.

श्री..........................

...............................

स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतपत्रको लागि मिति ........................... मा प्राप्त भएको निवेदन उपर कारवाही हुँदा त्यस .................. संस्थालाई सेवा सञ्चालन गर्न दिने गरी मिति.................................मा निर्णय भएकोले .........नगरपालिकाको स्वास्थ्य ऐन,२०७८ को दफा............. र निर्देशिकाको दफा........ तथा देहायका सर्तहरूको अधिनमा रही....... नगरपालिका वडा नं. ........मा .......शैया क्षमताको ..........................(अस्पताल/स्वास्थ्य संस्था) सञ्चालन गर्न दफा...को उपदफा....बमोजिम यो इजाजत पत्र दिईएको छ ।

१. स्वास्थ्य संस्थाले प्रदान गर्नुपर्ने सेवाहरू

२. इजाजत पत्र कायम रहने अवधि:

**इजाजत दिने अधिकारी**

**दस्तखत:**

**नाम:**

**दर्जा:**

**मिति:**

(इजाजत पत्रको पृष्ठभागमा लेखिने)

इजाजत प्राप्त स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने सर्तहरू:

१. स्वास्थ्य संस्था सञ्चालन गर्दा तोकिएको न्यूनतम मापदण्ड पालना सम्बन्धमा स्वःमूल्यांकन गरी गुणस्तर सुधार गर्दै जानु पर्नेछ।
२. नेपाल सरकारबाट स्वीकृत गरिएको सरकारी कार्यक्रम लागू गर्नु पर्नेछ ।
३. नगरपालिकाले जारी गरेका नीति तथा कार्यक्रम लागू गर्नु पर्नेछ ।
४. नगरपालिकाले समय समयमा तोकेका अन्य सर्तहरू पालना गर्नु पर्नेछ ।

**इजाजतपत्रको नवीकरण**

**नवीकरण गर्नेनिकाय:......................................**

| **स्वास्थ्य संस्था को नाम र ठेगाना** | **नवीकरण मिति** | **बहाल रहने मिति** | **नवीकरण गर्ने अधिकारीको नाम र पद** | **दस्तखत** | **कार्यालयको छाप** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची -४**

**स्वास्थ्य संस्था स्थापना तथा नवीकरण दस्तुर**

**(दफा ६सँग सम्बन्धित)**



मिथिला नगरपालिका

नोटः नगरपालिकाले तोकेका दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी माथि उल्लिखित दस्तुरमा निश्चित प्रतिशत छुट दिन सक्नेछ।

मिथिला नगरपालिका

## अनुसूची -५
## नवीकरणको लागि दिइने निवेदनको ढाँचा
## (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

श्री ......................

............................

विषय: इजाजतपत्र नवीकरण सम्बन्धमा

........नगरपालिकाबाट मिति................मा प्रदान गरिएको यस......... (स्वास्थ्य संस्था)को इजाजत पत्रको अबधि मिति ...............मा समाप्त हुने भएको हुँदा इजाजतपत्र नवीकरण गराउनको लागि देहाय बमोजिमका कागजात संलग्न गरी....................... निर्देशिकाको दफा .........बमोजिम यो निवेदन पेश गरेको छु/छौं ।

संलग्न कागजात विवरण:

१. संस्थाको इजाजतपत्र र पछिल्लो आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र

२. दफा ............बमोजिम स्वःमूल्यांकन प्रतिवेदन नियमितरूपमा शाखामा पेश गरेको प्रमाण

३. दफा....... बमोजिमका मापदण्ड कायम गरेको स्वघोषणा

संस्थाको छाप

स्वास्थ्य संस्थाको तर्फबाट निवेदन दिने व्यक्तिको,:-

दस्तखत:

पूरा नाम:

पद:

मिति:

मिथिला नगरपालिका

**अनुसूची ६**

**भवन सम्बन्धी मापदण्ड**

**(दफा ३४ सँग सम्बन्धित)**

अस्पताल निर्माण गरिने स्थानको हकमा मापदण्ड उल्लेख गरिएको भए सोहि अनुसार र नभएको हकमा निम्न अनुसारको मापदण्ड कायम हुनु पर्नेछ

१. अधिकतम ग्राउण्ड कभरेज — ४० %

२. Floor Area Ratio (FAR) — २५%

३. न्युनतम पर्किङ्ग स्थल— जम्मा जग्गाको २५%

४. भवनको सेटAofs (Set Back) — कम्तिमा ३ मीटर भवनको चारैतिर

५. लाईट प्लेन Light Plane— ६३.५ डीग्री



## अनुसूची ७

**(दफा ५९ उपदफा(१)सँग सम्बन्धित)**

**स्वास्थ्य संस्थावाट प्रदान गरिने सेवाको विरामी वडापत्रको ढांचा**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मिथिला नगरपालिका

**<u>आज्ञाले</u>**

हरि शंकर यादव

प्रमुख प्रशासकीय अधिकृत